# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

नेपालमा खासगरी पहाडी र उच्च पहाडी क्षेत्रमा बसोबास गर्ने तमु अर्थात् गुरुङ समुदायको नया वर्षको रूपमा मनाइने ल्होसार पर्वको उपलक्ष्यमा बागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, दीर्घायु र समृद्धिको शुभकामना व्यक्त गर्दछु।

तमु ल्होसार पर्व संस्कृति रक्षक गुरुङ समुदायले बडो उत्साहका साथ मनाउँदछन्। परम्परागत भेषभुषाले सजिएर, इष्टमित्रसँग भेटघाट, खानपिन, नाँचगान र शुभकामना आदानप्रदान गरेर गुरुङ समुदायले नयाँ सम्वत् शुभारम्भको उत्सव मनाउँने गर्दछन्। मान्यजनबाट आशिर्वाद लिएर तथा आफ्नो मौलिक कला संस्कृतिको प्रदर्शन गरेर यो पर्वलाई हर्षोल्लासकासाथ मनाइन्छ।

चाडपर्वहरू हाम्रा अमूल्य गहना हुन्। हाम्रो देश नेपाल बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषताले भरिएको विविधतामा एकताको अनुपम नमुना भएको सुन्दर मुलुक हो। यस अर्थमा नेपाल आँफैंमा एक विश्व हो। हामीले आफ्नो मौलिक पहिचानको संरक्षण र सम्बर्द्धनमा यथाशक्य जोड दिनुपर्दछ। यसले हामीलाई सभ्य, सुसंस्कृत र सहिष्णु समाज निर्माणमा थप टेवा दिन्छ। हामीले यी पक्षहरूलाई सुखी जीवनको मानकको रूपमा लिन सक्छौं।

इस्वी सम्वत् २०२४ हामीबाट बिदा हुदैछ। इस्वी सम्वत् २०२५ को पूर्वसन्ध्यामा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा शुभकामना दिन चाहन्छु। सन् २०२४ लाई मूल्यांकन गरेर कमीकमजोरीहरू सच्याउँदै अग्रगमनको दिशामा लाग्न सबैलाई २०२५ ले प्रेरणा दिनेछ भन्ने अपेक्षा लिएको छु। साथै जनवरी १ तारीखलाई टोपी दिवसको रूपमा पनि मनाउन थालिएको सन्दर्भमा पनि शुभकामना दिन चाहन्छु। आफ्ना मौलिक संस्कृतिका रक्षार्थका सभ्य, अनुशासित र अर्थ पूर्ण क्रियाकलापहरूप्रती हामी सबैको गर्व र समर्थन हुनु आवश्यक छ। अन्त्यमा पुन: तमु ल्होसार, नजिकिदो इस्वी सम्वत् २०२५ र टोपी दिवसको शुभकामना अर्पण गर्दछु।

**धन्यवाद।**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

**२०८१ साल पुष १५ गते, सोमबार।**
**ने. सं. ११४५ थिंलागा आमै।**